

# 'अनागरिक' बन्नुको पीडा

एउटा प्राज्ञिक व्यक्ति वा खोजकर्ताले यथास्थितिबारे जानकार गराउने मात्रै हो, तर समस्या समाधानमा परामर्शदाता बनेर पछि लाग्न सक्दैन । तर एउटै जिज्ञासा मेरो मनमा के छ भने भुटानले आफ्ना नागरिकमाथि गरिरहेको सरासरको यो अन्यायमाथि कसले दृष्टि दिने ?

■ माइकल हट

सन् १९९१ मा म युनिभर्सिटी अफ लन्डनमा थिएँ । त्यहाँको स्कुल अफ ओरिएन्टल एन्ड अफ्रिकन स्टडिजमा म हिमाली भाषाबारे अध्यापन गर्थें । हिमाली भाषा, क्षेत्र र जातिकैबारे पढाइ हुने भएपछि यही क्षेत्रको भुटान देशबारे किन बहस नचलाउने भन्ने मेरा मनमा आयो । त्यहीबेला हरेक साता 'हिमालयन फोरम' का नाममा गोष्ठी छलफल गर्न सुरु गरेका थियौं । त्यही फोरममार्फत भुटान, भुटानी सभ्यता र समस्याबारे गोष्ठी भयो । त्यसमा पेरिसबाट एक जना भुटानविज्ञ आएका थिए, उनले एउटा कार्यपत्र पेस गरे । त्यसमा नेपालबाट गैरकानुनी र आपराधिक प्रवृत्तिका मान्छे दक्षिणी भुटानमा आएर बसिरहेका छन् भन्ने निचोड थियो । तर यो इतिवृत्तान्तबारे म त्यति स्पष्ट थिइनँ ।

पछि आफ्नो चासो पनि भएकाले र त्यही पेरिसवासी विज्ञले सबै तारतम्य मिलाइदिएकाले म १९९२ मा भुटान गएँ । सरकारी पाहुना भएर म त्यहाँ गएको थिएँ । राजा, प्रधानमन्त्री, गृहमन्त्री, शिक्षा मन्त्रीलगायतसँग भेट्न पाएको थिएँ । 'भुटानको सार्वभौमसत्ता खतरामा छ, दक्षिणी भुटानमा आतंकवादी र आपराधिक व्यक्ति भेला भएका छन् । उनीहरू भुटानलाई नेपालको एक अंश बनाउन चाहन्छन् । ती गैरकानुनी व्यक्ति अहिले भागेर कतै जान थालेका छन्,' राजा जिग्मे सिङ्गे वाङचुक, प्रधानमन्त्रीसहितका उच्च अधिकारीको साझा धारणा थियो ।

त्यही भ्रमण क्रममा म थिम्पु, पारु, बुम्ताङ, चिराङ धेरैतिर गएँ । आपराधिक भनेर व्याख्या गरिएका नेपालीभाषीसँग नेपालीमै कुरा गरेँ । तर मेरा साथमा रहने भुटानी अधिकारीका कारण हो वा किन हो थाहा भएन, ती खुल्न सकिरहेका थिएनन् । नेपालमा भर्खरै प्रजातन्त्र आएकाले भुटानमा पनि प्रजातन्त्र, मानव अधिकारजस्ता शब्द प्रचलित हुँदै थिए । दक्षिणी भुटानबाट लखेटिएर नेपालीभाषी समुदायले देश छाडिरहेका कारण 'शरणार्थी' शब्द पनि प्रचलित भइरहेको थियो । पछि त्यहाँबाट फिरेर फेरि लन्डनमा भुटान विषयमा छलफल भयो, त्यसमा नेपालबाट पनि केही विज्ञ गएका थिए । त्यसमा त भुटान सरकारले गरिरहेको मानव अधिकारको उल्लंघन, ढाकछोपका प्रयासबारे बढी चर्चा भयो । पछि फेरि भुटानी यथास्थिति बुझ्नलाई थिम्पु जाने अनुमति चाहेँ तर भुटानी गृहमन्त्री स्वयंले पत्र पठाएर त्यसलाई नरम भाषामा 'अस्वीकार' जनाए ।

मानव अधिकार, जन्मसिद्ध अधिकार वा अरू जे नाम दिए पनि 'नेपालीभाषी भुटानीले बेहोरेजस्तो विकराल समस्या' अरू केही छैन भनेर त्यसपछि म अरू खोजीनीतिमा लागेँ । नेपाल आएर झापा-मोरङका शरणार्थी शिविर जानेदेखि काठमाडौंका नेता भेट्नेसम्मका काम भए । अनागरिक बन्नुको अनाहकको पीडालाई सानो मान्न सकिन्न भनेरै दुई वर्षअघि यसबारेको पुस्तक 'अनविकमिङ सिटिजन्स' निकालेँ । अक्सफोर्डबाट यो प्रकाशित भयो । यसमाथि अनेक क्रिया-प्रतिक्रिया भए, यो बेग्लै कुरा हो ।

यतिका वर्षपछि फिरेर नेपाल आउँदा, भुटानी शरणार्थी र मानव अधिकारको उही चर्चा सुन्दा सधैँझैं मलाई अचम्म लाग्छ । उसैगरी अनागरिक रहेका तिवेतन शरणार्थी र दलाई लामाको कुरा संसारभर एकैसाथ छाइरहेको छ, उत्तिकै संख्या र अस्तित्त्वका भुटानी शरणार्थी किन यति ओझेलमा ? १२/१५ वर्षअघि म भुटान जाँदा त्यहाँको सरकार र प्रशासनमा जो व्यक्ति थिए, ती आज पनि छन् । वर्गीकरण, प्रमाणीकरण जे जसो भने पनि त्यो पुरानो संयन्त्र यथावत छ । नेपालमा भनेको बितेको १२ वर्षमा जत्तिको फेरबदल कहिल्यै भएन होला । अझ माघ १९ पछि त सरकारले पनि यो मुद्दामा सामान्य चासोसमेत नराखिरहेको छापामा पढ्न पाएको छु । भुटानी पदाधिकारीलाई कहिले न्युयोर्क मञ्च त कहिले जेनेभामा भेटौंला अनि कुरा गरौंला भन्ने मनस्थिति यहाँ यथावत छ । फेरि शरणार्थी समस्या समाधानमा 'विकल्प' भन्दै आएको तेस्रो देशमा लैजाने, यहीँ बसोबास गराउने वा स्वेच्छिक घरफिर्ती प्रक्रिया बढाउने कुरा पनि द्वैपक्षीय तहका सबै सम्भावना टुङ्गिएपछिको 'विकल्प' हो । एक प्रकारले भारतको सबै प्रभावमा जकडिएर रहेको भुटानलाई गलाउन भारतसँगै केही कुरा गर्नुपर्छ भन्ने सोच पनि हुर्किन सकेको छैन । यो समस्या समाधानमा भारत पनि प्रमुख सहयोगी बन्न सक्छ, तर यसमा चासो गएको छैन ।

खुदुनाबारी शिविरमा भएको वर्गीकरण नतिजापछि त्यहाँका झन्डै १२ हजारमा ३ सय ७५ मात्रै स्वेच्छिक र सहज ढंगमा घर फिर्न पाउने तथ्याङ्क जुन बाहिर आएको छ, यसलाई न्यायपूर्ण मान्न मिल्दैन । मेरो अध्यन र बुझाइमा शतप्रतिशत शरणार्थीले आफ्नो घर फर्कन पाउनुपर्छ । सजाय, कारबाही वा सर्तका कुरा भित्रै गएर पूरा हुनुपर्छ । अहिले डेढ वर्षदेखि शरणार्थी घरफिर्तीका सबै प्रक्रिया अवरुद्ध छन् । सरकार न प्रक्रिया सुरु गराउने अवस्था/ठाउँमा छ न अन्तर्राष्ट्रिय तहमै आवाज उठाउने अवस्थामा छ । अरूभन्दा पनि एउटा प्राज्ञिक व्यक्ति वा खोजकर्ताले यथास्थितिबारे जानकार गराउने मात्रै हो तर समस्या समाधानमा परामर्शदाता बनेर पछि लाग्न सक्दैन । तर एउटै जिज्ञासा मेरो मनमा के छ भने भुटानले आफ्ना नागरिकमाथि गरिरहेको सरासरको यो अन्यायमाथि कसले दृष्टि दिने ? एउटा भुटानी सन्तान जो शरणार्थी रूपमा जन्मेर आज १३/१४ वर्षको भएको छ, त्यसको जन्मसिद्ध अधिकारबारे कसले बोल्ने ? पुनर्जन्ममा विश्वास नगर्ने हो भने एउटा व्यक्तिको जीवन एउटै मात्रै हुन्छ, यी एक-एक जीवन यसरी 'न वर्तमान न भविष्य' को अवस्थामा पुगिरहेका बारे कसले बोलिदिने ? यहाँ सही धरातलमा उभिएर बोल्नेको खाँचो छ । ●

*(लन्डनको स्कुल अफ ओरिएन्टल एन्ड अफ्रिकन स्टडिजमा नेपाली र हिमाली अध्ययनका प्रोफेसर हट हालै काठमाडौं आएका बेला देवेन्द्र भट्टराईले गरेको कुराकानी आधारित)*